भोजपुर नगरपालिका कार्यालय

भोजपुर

## कर्मचारी आवश्यकता सम्वन्धि सुचना

### प्रथम पटक प्रकाशन मिति २०७३/०९/१२

भोजपुर नगरपालिका कार्यालय अन्तर्गत स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमका लागि १ जना सिभिल इन्जिनियर सेवा करारका माध्यमवाट पदपुर्ति गर्नु पर्ने भएको हुदा देहाय बमोजिम योग्यता पुगेका नेपालि नागरिकहरु वाट यो सुचना प्रकाशन भएको मितिले १० दिन भित्र आवेदन पेश गर्न हुन यो सुचना प्रकाशन गरिएको छ ।

**१.आवश्यक न्युनतम योग्यता**

(क) नेपाली नागरिक हुनु पर्ने

(ख) सिभिल इन्जिनियरिङ विषयमा स्नातक तह उतिर्ण भएको हुनु पर्ने

(ग) नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्ता भएको हुनु पर्ने

**२. पेश गर्नु पर्ने कागजातहरु**

(क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

(ख) सिभिल इन्जिनियरिङ विषयमा स्नातक उतिर्ण गरेको प्रमाण पत्र

(ग) नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि

(घ) अवधि खुलेको कार्य अनुभव सम्वन्धि कागजातहरु

**३. छनौटका आधारहरु**

शैक्षिक उपाधिको श्रेणी, नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्ता भएको अवधि र कार्यअनुभवलाई आधार मानी छनौट गरिनेछ ।

शैक्षिक उपाधिको श्रेणी नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्ता भएको अवधि र कार्यअनुभव, का लागि देहाय बमोजिम अंक प्रदान गरिनेछ ।

क. सिभिल इन्जिनियरिङ स्नातक तहमा विशिष्ट श्रेणीका लागि ५ अंक, प्रथम श्रेणीका लागि ३ अंक र द्धितिय श्रेणीका लागि २ अंक प्रदान गरिनेछ ।

ख. नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्ता भएको ५ वर्ष भन्दा वढी अवधि भएको भए ३ अंक, ३ वर्ष भन्दा माथी ५ वर्ष सम्मको अवधि भएको भए २ अंक र ३ वर्ष सम्मको अवधिलाई १ अंक प्रदान गरिनेछ ।

ग. स्थानीय निकायमा ३ वर्ष भन्दा माथीको कार्यअनुभव भएमा ४ अंक, १ वर्ष भन्दा माथी ३ वर्ष सम्मको कार्यअनुभव भएमा ३ अंक र ६ महिना देखी माथी १ वर्ष सम्मको कार्य अनुभव भएमा २ अंक प्रदान गरिनेछ । अन्य निकायमा ३ वर्ष भन्दा माथीको कार्यअनुभव भएमा २ अंक, १ वर्ष भन्दा माथी ३ वर्ष सम्मको कार्यअनुभव भएमा १.५ अंक र ६ महिना देखी माथी १ वर्ष सम्मको कार्य अनुभव भएमा १ अंक प्रदान गरिनेछ ।

दुइ वा सो भन्दा वढी आवेदकहरुले समान अंक प्राप्त गरेमा अन्तर्वार्ताका माध्यमवाट छनौट गरिनेछ ।

द्रष्टव्य : सेवा करारको अवधि २०७४ आषाढ मसान्त सम्मका लागी हुनेछ र पारिश्रमिक स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमवाट तोकिए बमोजिम हुनेछ ।

नोट :- यो सूचना मिति २०७३।९।१२ गते न्याउज टाइम राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको व्यहोरा सबैमा जानकारीको लागि अनुरोध छ ।

२०७३।९।१२

प्रमुख प्रशासकीय अधिकृत
Chief Executive Officer